"तपाईंको स्वास्थ्य हाम्रो अठोट"

# नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

बबरमहल, काठमाण्डौ

**स्वास्थ्य बीमाको प्रचार-प्रसार तथा स्वास्थ्य बीमा शिक्षाका लागि**

## टिकटक / फेसबुक रील भिडियो प्रतियोगिता

## 'फेसबुक वा टिकटक भिडियो बनाउनुहोस्, रू. ५०,००० जित्नुहोस्'

स्वास्थ्य बीमा कार्यक्रमको १०औं वार्षिकोत्सवको (२०८२ साल चैत्र २५ गते) अवसरमा स्वास्थ्य बीमाको आवश्यकताबारे आम नागरिकमा जनचेतना अभिवृद्धि गर्ने, नागरिकको कार्यक्रममा सहभागिता बढाउने तथा डिजिटल माध्यममार्फत स्वास्थ्य बीमा कार्यक्रमको प्रवर्द्धन गर्ने उद्देश्यले टिकटक वा फेसबुक रील भिडियो प्रतियोगिता आयोजना गरिएको छ।

स्वास्थ्य बीमासँग सम्बन्धित विषयमा अधिकतम १ मिनेट अवधिको (Vertical Reel Format) मा भिडियो तयार गरी आफ्नो TikTok वा Facebook Reels मा पोस्ट गरी २०८२ चैत्र ०२ देखि २०८२ चैत्र १७ गते सम्म स्वास्थ्य बीमा बोर्डको इमेल iec@hib.gov.np मा पठाउनुहोस्।

प्राप्त भिडियोहरूमध्ये दर्शक सहभागिता (Like, Share, Comment, Views), सन्देशको स्पष्टता, सिर्जनात्मक प्रस्तुति तथा सामाजिक सान्दर्भिकताका आधारमा उत्कृष्ट भिडियोहरू छनौट गरिनेछ।




## पुरस्कार

- प्रथम पुरस्कार - रू. ५०,०००
- द्वितीय पुरस्कार - रू. ३०,०००
- तृतीय पुरस्कार - रू. २०,०००



उत्कृष्ट तीन भिडियोका सिर्जनाकर्तालाई नगद पुरस्कार (नियमानुसार कर कट्टी गरी) र प्रमाणपत्र प्रदान गरिनेछ।

## प्रतियोगिताका शर्तहरू

१. भिडियो नेपाल सरकारद्वारा सञ्चालन भइरहेको स्वास्थ्य बीमा कार्यक्रमको सन्दर्भमा आधारित हुनुपर्नेछ।

२. भिडियो संवादमूलक, सन्देशमूलक तथा सामाजिक सद्भाव कायम गरी तयार गर्नुपर्नेछ। आफ्नै मौलिक अडियो र अभिनय भएको भिडियोलाई प्राथमिकता दिइनेछ।

३. अडियो तथा भिडियो सामग्रीमा नेपाली भाषाको प्रयोग गरेको हुनुपर्नेछ।

४. भिडियोमा स्वास्थ्य बीमाले प्रदान गर्ने आर्थिक सुरक्षा, स्वास्थ्य सेवामा नागरिकको पहुँच,परिवारलाई प्राप्त हुने स्वास्थ्य सेवा,आकस्मिक स्वास्थ्य जोखिमबाट जोगिने महत्व जस्ता विषयवस्तु समेटन सकिनेछ।

५. कुनै एक व्यक्तिले एउटा विषयमा एउटा भिडियो पठाउन सकिनेछ। साथै दुई वा दुईभन्दा बढी व्यक्ति समावेश भएर भिडियो निर्माण गर्न सकिनेछ।

६. प्रतियोगीहरुले स्वास्थ्य बीमा बोर्डका आधिकारिक सामाजिक सञ्जाल पेजहरू Follow गरी बोर्डको फेसबुक पेजमा @facebook.com/hib.np वा टिकटक पेजमा @health.insurance.board, #10yearsofHIB #HealthInsuranceBoard #HIBNepal #HIBChallengenp Hashtag प्रयोग गर्दै भिडियो पोस्ट गर्नुपर्नेछ र सो भिडियो iec@hib.gov.np मा पठाउनुपर्नेछ।

७. प्राप्त भिडियोहरूको प्रतिलिपि अधिकार स्वास्थ्य बीमा बोर्डमा रहनेछ तथा बोर्डले आवश्यकता अनुसार आफ्ना सामाजिक सञ्जालमार्फत प्रसारण गर्न सक्नेछ।

८. तोकिएका शर्तहरू पालना नगरेका वा म्याद नाघी प्राप्त भएका भिडियोहरू स्वीकार गरिने छैन।

९. उत्कृष्ट भिडियोको छनौट स्वतन्त्र विज्ञ निर्णायक समितिद्वारा गरिनेछ।